# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारी आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी भई स्वदेश फिर्ता

ANNUAL MEETINGS
2023 | Marrakech مراكش
WORLD BANK GROUP
INTERNATIONAL MONETARY FUND

गभर्नर महाप्रसाद अधिकारी २०८० असोज २२ देखि २८ सम्म मोरोक्कोको माराकेस सहरमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूह (IMF-World Bank Group) को Annual Meetings 2023 मा सहभागी भई असोज ३० गते स्वदेश फर्कनु भयो । उक्त कार्यक्रममा सदस्य राष्ट्रका अर्थ मन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता रहेको थियो ।

बैठकको क्रममा सञ्चालन भएको Plenary बैठकमा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले नेतृत्व गर्नुभएको टोलीमा गभर्नर अधिकारी सहभागी हुनुभयो । उक्त Plenary को अध्यक्षता युक्रेनका वित्तमन्त्री Sergii Marchenk ले गर्नुभएको थियो भने World Bank Group का President Ajay Banga र IMF का Managing Director Kristalina Georgieva ले सम्बोधन गर्दै विश्व अर्थतन्त्रमा देखिएका उतारचढाव र यिनलाई सम्बोधन गर्न देशहरूले अपनाउनुपर्ने उपायका बारेमा प्रकाश पार्नुभएको थियो ।



माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत र गभर्नर अधिकारी IMF का Deputy Managing Director Bo Li सँग

गभर्नर अधिकारी 54th Joint Governors' Meeting of IMF-WB South East Asia Constituency, IMF का Asia Pacific Department (APD), Monetary and Capital Market Department (MCM) र अन्तर्राष्ट्रिय वित्त निगमको एसिया प्रशान्त क्षेत्रका उच्च पदाधिकारीहरूसँगको बैठकमा सहभागी हुनुभएको थियो । उक्त

बैठकहरूमा नेपालले कोषसँग लिएको विस्तारित कर्जा सुविधालगायतका विषय र भावी कार्यक्रमका बारेमा छलफल भएको थियो । उक्त अवसरमा गभर्नर अधिकारीले अन्तर्राष्ट्रिय मुद्रा कोष, Asia Pacific Department का पदाधिकारीहरूसँग भेटवार्ता गर्नुभएको थियो ।

साथै, साइडलाइन बैठकको क्रममा उहाँ स्टेट बैंक अफ पाकिस्तानले आयोजना गरेको 44th SAARCFINANCE Governor's Meetings मा सहभागी हुनुभयो । गभर्नर अधिकारीले भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दास र रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर दासो पेन्जोसँग छुटाछुटै भेटवार्ता गर्नुभएको थियो ।

हाल विश्व बैंक समूहअन्तर्गत १८९ राष्ट्रहरू आबद्ध छन् भने अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९० राष्ट्रहरू सम्मिलित छन् । प्रत्येक वर्ष संयुक्त रूपमा आयोजना हुने यस प्रकारको वार्षिक बैठकमा यसपटक गभर्नर अधिकारीका साथ आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको पनि सहभागिता रहेको थियो ।



गभर्नर अधिकारी सार्क फाइनान्स गभर्नर्स बैठकमा सहभागी हुनुहुँदै


गभर्नर अधिकारी भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दाससँग छलफलमा


गभर्नर अधिकारी रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर दासो पेन्जोसँग छलफलमा

*२०८० कातिक १ गते बुधबार* *गभर्नरको कार्यालय*